**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।**

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहार सम्भार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रूपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epraateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ फागुन २१ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 05 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १८७

## सडक दुर्घटनामा तीनजनाको मृत्यु

प्रस, वीरगंज, २० फागुन/

पोखरिया नगरपालिका–९ सिमखरी चोक स्थित ना ४२ प १७५९ नम्बरको मोटरसाइकल पोखरिया नगरपालिकामा दुर्घटना हुँदा पछाडि बस्ने पर्सा जगरनाथपुर गाउँपालिका–५ मसिहानी का ४५ वर्षीय चोकट मुखिया बिनको मृत्यु भएको छ ।

पोखरिया जाँदै गरेको मोटरसाइकल अनियन्त्रित भएर हिजो राति १० बजे दुर्घटना भएको थियो ।




दुर्घटनामा परी बिन र चालक पोखरिया नगरपालिका–३ फुलवरिया टोल बस्ने ३९ वर्षीय विश्वजीतराउत गिरी घाइते भएका थिए । घाइते बिनको उपपचारको क्रममा पोखरिया अस्पतालमा मृत्यु भएको र अर्का घाइते गिरीलाई उपचारको लागि नारायणी अस्पताल वीरगंज पठाइएको थियो ।

यसैगरी कलैया उपमहानगरपालिका–१४ हनुमान मन्दिर नजीक हिजो साँझ मोटरसाइकलको ठक्करबाट घाइते भएका एकजनाको आज दिउँसो उपचारको क्रममा मृत्यु भएको बारा प्रहरीले जनाएको छ ।

बघवनबाट कलैयातर्फ आउँदै गरेको, स्थानीय सागर चौधरीले चलाएको ना २ प ९७०५ नं. को मोटरसाइकलले पैदल यात्री कलैया उमनपा–९ रामपुर टोलका ३५ वर्षीय रहिम अंसारीलाई ठक्कर दिएको थियो । ठक्करबाट घाइते भएका अंसारीको शनिवार दिउँसो वीरगंज हेल्थकेयर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले मोटरसाइकल र चालकलाई नियन्त्रणमा लिएको छ ।

यसैगरी आफैंले चलाएको मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना भएर घाइते भएका भारत छौडादानो निवासी भैयाराम साहको शनिवार उपचारको क्रममा मृत्यु भएको छ । फागुन १५ गतेको घटनामा घाइते साहको आज मृत्यु भएको बारा प्रहरीले जनाएको छ । मोटरसाइकल पछाडि बसेको सन्देश साह भने घाइते भएका थिए ।

## होलीको अवसरमा ८३ जनाद्वारा रक्तदान

प्रस, परवानीपुर, २० फागुन/

होलीको अवसर पारी अभिभावक सङ्घ पर्सा वीरगंजले घण्टाघरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ७५ जनाले रक्तदान गरेका छन् । रक्तदान गर्नेहरू सबै पुरुष छन् । रक्तदान गर्नेमा विशाल सर्राफ, सन्दीप चौरसिया, नन्दलाल रौनियार, श्याम साह, रवीन्द्र गुप्ता, कौशल सर्राफलगायत रहेको आयोजक संस्थाका अध्यक्ष सन्दीप साहले बताए ।

मधेस विश्वविद्यालयका भिसी (उपकुलपति) डा. दीपक शाक्यको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा रक्तसञ्चार केन्द्र, वीरगंजका संयोजक सौरभराज पाण्डे, प्राविधिकहरू शेखर गुप्ता, राज पटेल, रमेश जयसवाल, सामाजिक अगुवा राजेन्द्र भट्टराईले


तस्वीरः प्रतीक

सहजीकरण गरेका थिए ।

यसैगरी आमा नेपाल फाउन्डेशनले माईस्थान पार्कमा आयोजना गरेको रक्तदान कार्यक्रममा ८ जनाले रक्तदान गरेका छन् । सन्तोष श्रेष्ठ, सोनूकुमार सिंह, अमित सर्राफलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

## वीरगंजमा महिला दिवसमा २५ जना सम्मानित

प्रस, परवानीपुर, २० फागुन/

विश्व महिला दिवस वीरगंजमा मनाइएको छ । वीरगंजको गैरसरकारी संस्था इम्प्रुभिङ वीरगंजले होटल कैलाशको सभाहलमा सम्मान समारोह आयोजना गरी वीरगंजका विभिन्न क्षेत्रका २८ जना महिलाहरूलाई सम्मान गरेको छ ।


तस्वीरः प्रतीक

सम्मानित हुनेमा मधु राणा, उषा शाह, मीनाक्षी गुप्ता, निभा दास, कनिका कौशिक, रम्मी कौर, रम्भा मिश्र, मञ्जरी श्रेष्ठ, नूतन सरावगी, विश्वेश्वरी साह, कविता खड्का, प्रिया सिंह, सङ्गीता यादव, जिल्ला प्रहरी कार्यालय पर्सा, महिला सेलकी प्रनि मनीषा लौडारी, सशस्त्र प्रहरी पर्साकी प्रहरी निरीक्षक सङ्गीता केसीलगायत रहेका छन् ।

आयोजक संस्थाकी अध्यक्ष पिंकी साहको अध्यक्षता एवं वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा आयोजक संस्थाका कोषाध्यक्ष सुरज गुप्ता, संस्थापक शरण गुप्ता, इजिइट्स प्रालिका सञ्चालक नीरज पटेल, आमाको छात्रावासका सुरज मुर्मुरलगायतको सहभागिता थियो ।

## पटेर्वासुगौलीमा वडा कार्यालय भवनको शिलान्यास

प्रस, सेढवा, २० फागुन/

पटेर्वासुगौली गाउँपालिका–४ वडा कार्यालय भवनको शनिवार शिलान्यास भएको छ ।

गापा अध्यक्ष दिनेशकुमार चौधरीले शिलान्यास गरेका हुन् । चालू आवको बजेटबाट ७० लाख लागतमा भवन निर्माण हुने बताइएको छ ।

यसैगरी जगरनाथपुर र पटेर्वासुगौली गाउँपालिकाको दोसाँधमा रहेको भलुवाही खोलामा उत्पन्न भएका भगवान सोमेश्वरनाथ मन्दिरको पनि शनिवार शिलान्यास भएको छ ।


तस्वीरः प्रतीक

मन्दिरको शिलान्यास पटेर्वासुगौली गापाका अध्यक्ष दिनेशकुमार चौधरीले गरेका थिए । कार्यक्रममा जगरनाथपुर गापाका अध्यक्ष श्रीकान्त यादव, पटेर्वासुगौली गापाका उपाध्यक्ष ममता महतोलगायतको सहभागिता थियो । मन्दिर निर्माण भक्तजनको चन्दा सहयोग र पालिकाको आर्थिक सहयोगबाट हुने बताइएको छ ।

## होलीमा कपडा वितरण

प्रस, वीरगंज, २० फागुन/

होलीको अवसरमा वीरगंज कपडा बैंकले निश्शुल्क कपडा वितरण गरेको छ ।

घण्टाघरमा बैंकको अध्यक्ष रम्भा मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा


तस्वीरः प्रतीक



८०० थान विभिन्न कपडा वितरण गरिएको सचिव कन्हैया पटेलले बताए । उनले यो कार्यको लागि संस्थाका कोषाध्यक्ष राज साहले १०० थान टि–सर्ट सहयोग गरेका थिए ।

कार्यक्रममा संस्थाका संरक्षक सुरेन्द्र कुर्मी, पूर्व अध्यक्ष बृजेश चौधरी, उपाध्यक्ष मोनिका सिंह, मनोज मिश्र, अभिषेक तिवारी, विश्वेश्वर पटेल, शोभा देवीलगायतको सहभागिता थियो ।

## स्वास्थ्य शिविर सम्पन्न

प्रमोद यादव, पचगावाँ, २० फागुन/

पटेर्वासुगौली स्वास्थ्य शाखा पर्साको आयोजनामा सुगौली स्वास्थ्य चौकीमा एक दिने स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

शिविरमा नारायणी अस्पताल वीरगंजका डा. राजेन्द्र चौधरी, डा. विमला महर्जन बछार, गादीमाई पोलियो



क्लिनिक पचगावाँका डा. राजन पुरीलगायतले बिरामीहरूको परीक्षण गरेका थिए । शिविरमा महिलाहरूको पाठेघर जाँच, गर्भवती तथा गर्भावस्थाका १२० जना महिलाको चेकजाँच गरी औषधि वितरण गरिएको पटेर्वासुगौली स्वास्थ्य शाखा प्रमुख भुजेन्द्रप्रसाद यादवले बताए ।

## ज्येष्ठ नागरिकद्वारा नगवाद्वारा होली मिलन समारोह

प्रस, वीरगंज, २० फागुन/

ज्येष्ठ नागरिक सङ्घ पर्साको नगवा शाखाले आज होली मिलन समारोह आयोजना गरेको छ ।


तस्वीरः सौजन्य

भुटनदेवीस्थित नेपाल प्रौढ सङ्गठनको नवनिर्मित भवनमा आयोजित उक्त कार्यक्रमको सभापतित्व शाखाका सभापति विश्वनाथ चौरसियाले गरेका थिए भने स्वागत भाषण सुरेन्द्रप्रसाद कानुले गरेका थिए ।

कार्यक्रममा जिल्ला सङ्घबाट अध्यक्ष जगदीशप्रसाद शर्मा, नरेन्द्र तिवारी, विनयराज गौतम, रामप्रसाद पण्डित तथा रामानन्द कुर्मीले सहभागिता जनाएका थिए ।

होली मिलन कार्यक्रममा वक्ताहरु जगदीशप्रसाद शर्मा, नरेन्द्र तिवारी, ....आदिले होलीको धार्मिक, सामाजिक तथा सांस्कृतिक पक्षबारे बोलेका थिए । कार्यक्रमा वडाअध्यक्ष प्रशुराम चौरसिया, पूर्व वडाध्यक्ष श्यामबाबु चौरसियाले पनि आफ्नो मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा पर्सा सङ्घका अतिथि ज्येष्ठ नागरिकहरु तथा उपस्थिति वडाका ज्येष्ठ नागरिकहरुलाई खादा पहिराएर सम्मान गर्दै गमछासमेत वितरण गरिएको थियो । १३ जना महिलालाई सल ओढाएर सम्मान गरिएको थियो ।

## सामाजिक अपराध नियन्त्रणबारे अन्तर्क्रिया

प्रस, वीरगंज, २० फागुन/

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा छपकैया–२ को आयोजनामा 'समुदाय–प्रहरी साझेदारी' कार्यक्रम अन्तर्गत महिला बालबालिका तथा जेष्ठ नागरिकविरुद्ध हुने अपराध नियन्त्रणसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।


तस्वीरः सौजन्य

सामुदायिक सेवा केन्द्र, छपकैयाका अध्यक्ष ग्यासुद्दिन ठकुराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, वडाध्यक्ष महमद रेयाज मियाँ तेली, ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष जगदीश शर्मा, ज्येष्ठ नागरिक लालबाबू खान, जिल्ला प्रहरी कार्यालय पर्साका प्र.नि. मनीषा लौडारी, वडा प्रहरी कार्यालय बिर्ताका प्र.ब.ना.नि. समर गुरुङ, इलाका प्रहरी कार्यालय छपकैयाका प्र.ना.नि. तेजप्रताप सिंह, माइती नेपालकी गोमा पौडेल, सञ्चारकर्मी अजित भुजेलगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**प्रतिभा आफ्नो बाटो स्वयं खोज्छ र दीपक स्वयं लिएर हिंड्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# भूमिगत अर्थतन्त्र र गरीबीको खाडल

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**भौगोलिक हिसाबले खुला सिमानाहरूले समेटेर राखेका आर्थिक सम्भावना तथा विविधताको उपयोग हुन नसक्नु अर्को समस्या हो । योजनाहरू प्रभावकारी छैनन् । विश्वकै नमूना अर्थतन्त्रको रूपमा उभिएका विशाल छिमेकीसितको सम्बन्धबाट फाइदा लिन सकिएको छैन ।**

अपवादबाहेक बर्सेनि देशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) बढेको हुन्छ । योसँगै भूमिगत अर्थतन्त्रको आकार पनि बढिराखेको छ । यस्तो अर्थतन्त्र स्वस्थ मानिँदैन । आयको असमान वितरण, कालो धनको सञ्चय र धनी र गरीबबीच बढ्दो खाडल अनौपचारिक अर्थतन्त्रका असरहरू हुन् । अहिले सीमा क्षेत्रमा भारतीय रुपियाँको अवमूल्य यही अनौपचारिक अर्थात् भूमिगत अर्थतन्त्रको एउटा आयाम हो । यस्तो अर्थतन्त्रले सीमित तप्कालाई मात्र लाभ पुगेको हुन्छ । देशको अर्थतन्त्र र त्यसका माध्यमबाट आमरूपमा यसले आर्थिक असमानतालाई बढाएको हुन्छ ।

अनौपचारिक कारोबारबाट आएको आर्जन सीमित माफिया र तिनका संरक्षकको पोल्टामा जाने अवस्था हुन्छ । यस्तोमा सरकारी आय खुम्चिन्छ । अर्थतन्त्रको वास्तविक दायरा औपचारिक रूपमा अभिलेखीकरण नभएसम्म त्यसको कुप्रभाव विकासका योजना र त्यसको वितरणमा पर्दछ । सरकारसँग योजनाका लागि रकम नहुने, तर अर्थतन्त्रको ठूलो हिस्सा अभिलेखमैं नरहनुले त्यसको लाभ माफिया र तिनका संरक्षकलाई मात्र पुग्छ/पुगिरहेको छ ।

हामीकहाँ न राज्य सञ्चालकको आचरण लोककल्याणमा केन्द्रित छ, न पूँजीपतिहरूको नियत सफा छ । जनताको नाममा राजनीति गर्नेहरू नै आसेपासे पूँजीवादको पक्षपोषणमा आफूलाई बदनाम गराउनु सामान्य कर्म ठान्छन् भने जसरी पनि नाफा कमाउने उद्देश्य राख्ने पूँजीपतिहरूबाट के अपेक्षा राख्न सकिन्छ ?

केही समय अघि वीरगंजको एउटा औपचारिक कार्यक्रममा तत्कालीन अर्थमन्त्रीले भनेका थिए–नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ५० प्रतिशत बराबर छ । यस आधारमा अहिले हामीकहाँ अनौपचारिक अर्थतन्त्रको आकार २५ खर्ब रुपियाँभन्दा माथि हुनुपर्दछ । यो नेपालको वास्तविक बजेटको तुलनामा करीब दोब्बर हो । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनमा भारतबाट हुने कुल कारोबारमध्ये ३५ प्रतिशत अनौपचारिक माध्यमबाट हुन्छ भनिएको थियो ।

यो निकायको अनुमानलाई आधार मान्ने हो भने गत आर्थिक वर्षभरिमा भारतसित भएको कुल कारोबारका आधारमा वर्षमा ६/७ खर्ब रुपियाँ बराबरको कारोबार औपचारिक दयरा बाहिर छ । सिमानामा खटेका प्रहरी प्रशासन र सीमित दुई नम्बरी व्यापारी मालामाल भएका छन् । देशको अर्थतन्त्रमा धक्का लागेको छ, यसको परोक्ष मार गरीब जनताको दैनिकीमा परेको छ ।

नियम कानूनको अपर्याप्तता र भएका कानूनको प्रभावकारी कार्यान्वयनको अभावले अल्प विकसित देशमा अनधिकृत अर्थतन्त्रको दायरा विकसित मुलुकको तुलनामा बढी हुन्छ । अल्प विकसित देशमा राज्य संयन्त्र आफैंमा सबल नहुँदा पनि असङ्गठित क्षेत्रको विस्तार भइराखेको हुन्छ । नेपालको सन्दर्भमा राजनीतिक सङ्क्रमण र यसको आडमा मौलाएको भ्रष्टाचारले अनौपचारिक अर्थतन्त्रलाई संरक्षण दिएको हो ।

त्यसमाथि राज्य सञ्चालनको तहमा रहेकाहरू नीतिगत चलखेलमार्फत केही पूँजीपतिलाई लाभ पुऱ्याएर आफ्नो आर्थिक र राजनीतिक दुनो सोझ्याउन उद्यत देखिएका छन् । नीति मात्र होइन, कानून नै फेरेर व्यापारिक घराना पोस्ने, सार्वजनिक खरीदमा कमिशन, भ्रष्टाचार, राज्यको स्रोतमा सीमित पहुँचवालाहरूको वर्चस्वको वातारण मिलाउनेजस्ता प्रपञ्च सार्वजनिक भइराखेकै छन् । लोककल्याणकारी राज्यको अवधारणमा पूँजीपतिबाट प्रगतिशील कर लिएर त्यसबाट आएको रकमबाट गरीबमुखी योजना ल्याउनुपर्ने मान्यता राखिन्छ । विकास योजनामार्फत तल्लो तहका जनतालाई माथि उकास्ने उद्देश्य राज्यको हुनुपर्दछ ।

कुनै पनि विकास योजना बनाउँदा त्यसको आर्थिक सम्भाव्यता छ कि छैन ? त्यसबाट स्थानीय जनताको आर्थिक अवस्थामा सुधार आउँछ कि आउँदैन भन्ने कुरामा ध्यान दिनुपर्दछ । यस्ता योजनाले लाभ दिन सक्ने पनि एउटा समय सीमा हुन्छ । हामीकहाँ कुनै यस्ता योजना फेला पार्न कठिन छ, जो तोकिएको समयमा पूरा भएको होस् । हामीकहाँ त दशकौंसम्म पूरा नहुने योजनालाई राष्ट्रिय गौरवको नाम दिने अनौठो विकृति विस्तार भइराखेको छ । योजना छनोटको आधार सम्भाव्यता होइन, राजनीतिक आग्रह र प्रभावशाली नेताको लहड निर्णायक बन्ने गरेको छ । प्रकारान्तरले यस्ता योजनाहरू राज्यको स्रोत बर्बादीका उपक्रम मात्र बनेका छन् । अन्ततः यसले बढाउने भनेको आर्थिक असमानता नै हो ।

अहिले कोरोना महामारी यताको अवस्थाका कारण यो समस्या अझ चर्किने देखिएको छ । बितेका २/३ वर्षमा करोडौं मानिसको रोजगार गुमेको छ । लाखौं मानिस गरीबीको रेखामुनि धकेलिएका छन् । सन् २०२२ मा आर्थिक असमानताको खाडल अझ विस्तार भएको अध्ययनहरूले देखाएका छन् । महामारीको बीचमा पनि विश्वका १० धनाढ्यहरूको सम्पत्ति दोब्बर बढेको समाचार पनि आएका थिए । आर्थिक अवसरहरूमा यस्तो असमानता किन भइराखेको छ ? यो आज विश्वकै आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक स्थायित्वका निम्ति गम्भीर चिन्ताको विषय बनेको छ ।

अनौपचारिक अर्थतन्त्र र आसेपासे पूँजीवादको परिणामस्वरूप विश्वको अर्थ–राजनीतिमैं आर्थिक समानता डरलाग्दो तरीकाले बढ्दै गएको छ । विश्वको ९९ प्रतिशत गरीबसँग भन्दा १ प्रतिशत धनीहरूसँग बढी सम्पत्ति छ । यस्तो आर्थिक असमानता कसरी भयो ?

बेलायतका केही धनाढ्यहरूले बढ्दो आर्थिक असमानताका कारण सामाजिक विग्रह र अशान्ति आउन सक्ने भन्दै आफ्नो सम्पत्तिमा प्रगतिशील कर लिएर गरीबमा वितरण गर्न आग्रह गरेका थिए । हाम्राका पूँजीपतिहरूमा यो उदारता देखिएला ? सकभर कर छल्ने नियत जो छ ।

वितरणको अर्थ हामीकहाँजस्तो भत्ता र अनुत्पादनक वितरण भने पक्कै होइन । यस्तो रकम रचनात्मक योजनामा खर्चिनु पर्दछ, जसबाट लक्षित वर्गको आयस्तरमा सुधार हुन सकोस् । सरकारले अप्रत्यक्ष कर घटाएर प्रत्यक्ष कर बढाउने उपायमा लाग्नुपर्दछ । यो भनेको अहिले भन्सारका छेको थापेर कर उठाउने र त्यसैलाई उपलब्धिको रूपमा प्रचार गर्ने होइन ।

जनताको आयस्तर बढाउने र बढी आय गर्नेबाट बढी कर लिएर जनहितमुखी योजनामा खर्च गर्ने भन्ने हो । आय करको दायरा बढाउने हो । यसै पनि आयात र उपभोगमा लगाइने कर आम उपभोक्तामाथि शोषण हो । आज आयकर तिर्नेहरू अत्यन्तै कम छन् । आयकर तिर्ने जनताको सङ्ख्या कसरी बढाउने त्यता नीति र योजना केन्द्रित गर्न ढिलाइ भइसकेको छ ।

राजनीतिक अस्थिरतालाई विभिन्न स्वार्थ समूहले आफ्नो स्वार्थ अनुसार दुरुपयोग गर्ने प्रवृत्तिले कालो अर्थतन्त्र अस्वाभाविकरूपमा मौलाइरहेको छ । विगतमा बलियो बहुमत प्राप्त स्थिर सरकार बनेपछि सुधारको अपेक्षा गरिएको हो । तर, त्यो सरकार नै आसेपासे पूँजीपतिको संरक्षक बनेर उभियो । यतीदेखि ओम्नीसम्मका साँठगाँठ, औषधि खरीदमा भ्रष्टाचारदेखि प्रेस खरीद प्रकरणले बलियो बहुमतको असली धरातल छरपस्ट पारिदियो ।

सरकारी निकायहरूकै मिलेमतोमा हुने तस्करी, न्यून बिजकीकरण, कर छलीजस्ता गतिविधिको मुहान र कतिपय अवस्थामा गन्तव्य पनि दक्षिणी सिमानामैं बढी समेटिएका छन् । कृषि, उत्पादन र स्वास्थ्य, शिक्षा, परामर्श, पर्यटन, निर्माण, सहकारीजस्ता सेवा क्षेत्रमा अनेक आवरणमा अनौपचारिकताका विकृति व्याप्त छन् । नेपालको दक्षिणी क्षेत्र उत्पादन र आपूर्तिको प्रस्थान बिन्दुमात्र होइन, अनधिकृत आयात निर्यातको पनि उर्वर क्षेत्र हो । जनसङ्ख्या, आवागमन, सहज मुद्रा, भाषा, संस्कृतिमा समानताजस्ता कारणले दक्षिणतिरका आर्थिक सरोकारहरू तुलनात्मकरूपमा फराकिला छन् ।

राजनीतिक सङ्क्रमण सकिए पनि राजनीतिक अस्थिरता हटेको छैन । पदमा पुग्नेहरूलाई कसरी कमाउने भन्ने ध्याउन्न मुख्य समस्या देखिएको छ । खर्चिलो निर्वाचन राजनीतिमा भ्रष्टाचार मौलाउनुको कारण बनेको छ । चुनाव जित्न करोडौं खर्च गर्नुपर्ने, त्यसका लागि व्यापारीहरूसित सहयोग लिनुपर्ने र उनीहरूको हितमा काम गर्नुपर्ने अवस्थाका कारण आम आर्थिक हितका विषय प्राथमिकतामा पर्न सकेका छैनन् ।

भूमिगत अर्थतन्त्रको पहिचान गरी त्यसलाई अर्थतन्त्रको मूल प्रवाहमा समाहित गर्दा राज्यको आर्थिक स्रोत अभिवृद्धि हुन्छ । आर्थिक स्रोतको सदुपयोग त्योभन्दा पनि महत्त्वको विषय हो । हामीकहाँ सत्ता सञ्चालनको तहमा बसेको राजनीति र कर्मचारीतन्त्र राज्यको स्रोत दुरुपयोगको मतियार बनेको अवस्था छ ।

भौगोलिक हिसाबले खुला सिमानाहरूले समेटेर राखेका आर्थिक सम्भावना तथा विविधताको उपयोग हुन नसक्नु अर्को समस्या हो । योजनाहरू प्रभावकारी छैनन् । विश्वकै नमूना अर्थतन्त्रको रूपमा उभिएका विशाल छिमेकीसितको सम्बन्धबाट फाइदा लिन सकिएको छैन । बरु आन्तरिक राजनीतिक किचलो गतिशील छिमेक सम्बन्धमा तगारो बनेको/बनाइएको विडम्बनापूर्ण अवस्था छ । उल्लिखित समस्याको सापेक्ष समाधानले निकासको मार्ग पहिल्याउने छ ।

# आत्मविश्वासलाई यसरी बढाऔं

**आफूप्रति उदारभाव राखौं । यो आत्मविश्वास बढाउने एउटा महत्त्वपूर्ण अभ्यास हो । स्वयंलाई हमेशा सराप्नु नराम्रो बानी हो, जसले राम्रो कार्यको लागि स्वयंलाई पुरस्कृत हुनबाट वञ्चित गर्छ । अतः आफूप्रति अनावश्यक कठोर हुने बानी त्यागौं र आफ्नो हरेक कार्यलाई प्रसन्नतापूर्वक स्वीकार गरौं ।**

जीवनको कुनै पनि क्षेत्रमा आत्मविश्वास सफलता प्राप्तिको प्रमुख आधार हो । यो आत्मविश्वास प्रारम्भदेखि नै हाम्रो साथ हुन्छ, यो आवश्यक छैन । यो हुनु थुप्रै कारणमाथि निर्भर गर्छ । सबैको आत्मविश्वासको आआफ्नो परिधि हुन्छ । यो व्यक्तिको प्रकृति, स्वभाव, उसको परिवेश, पारिवारिक–सामाजिक पृष्ठभूमि आदिमाथि निर्भर गर्छ । तर यति सुनिश्चित छ कि जीवनको कुनै पनि क्षेत्रमा यदि कसैले चाहन्छ भने आत्मविश्वास बढाउन सक्छ एवं मनले चाहेजस्तो सफल जीवन जिउन सक्छ ।

आत्मविश्वासको अभावमा हाम्रो विचार, भाव, व्यवहार एवं शरीर प्रभावित हुन्छ तथा यसको माध्यमबाट प्रकट पनि भइरहन्छ । यस्तोमा हाम्रो सोच रहन्छ कि यो काम निकै कठिन छ, हामीले यसलाई गर्न सक्दैनौं । मलाई थाहा छैन कि यो कसरी हुन्छ, शायद म यसलाई गर्न सक्दिनँ वा अरू कसैले मभन्दा राम्रो गर्न सक्छ आदि । यसका साथ उद्विग्नता, चिन्ता, भय, स्वयंप्रति आक्रोश एवं कुण्ठा, परिस्थितिबाट अज्ञात भय, असन्तोष, हतोत्साहित अनुभव गर्नु आदि भावना हुर्किन्छ ।

यसका साथै कार्यमा कम सक्रियता, कुनै सुझाव दिन कठिनाइ, सुस्त शुरूआत, जीवनमा परिवर्तनको लागि केही नयाँ गर्न नचाहनु, जवाफ थाहा पाएर पनि अरूसँग सहायता वा सल्लाह माग्नु, दुविधा एवं सतत् प्रोत्साहनको आवश्यकता अनुभव गर्नु, पिछलग्गु बनिरहनु, अरूबाट आश्वासनको आशा राख्नु आदि यसका व्यावहारिक लक्षण हुन् । यसका साथै सङ्कुचित एवं खुम्चिएको भावमुद्रा, मान्छेसँग आँखा जुधाउन नसक्नु, तनाव, उद्विग्नता, ढिलापन, आलस्य आदि यसका शारीरिक लक्षण हुन् ।

यदि व्यक्ति चाहन्छ भने यस परिस्थितिबाट माथि उठ्न सक्छ । जब व्यक्ति आत्मविश्वासको कमी अनुभव गर्छ र यसबाट पार पाउने इच्छा जाग्छ तब यसबारे विचार गर्छ । स्वयं र अरूलाई ध्यानपूर्वक हेर्छ, यसमाथि मानिससँग चर्चा गर्छ, यसबाट सम्बन्धित प्रेरक पुस्तकको अध्ययन गर्छ । त्यस उदाहरणबाट यो बुझ्ने प्रयास गर्नुपर्छ कि कसरी मानिसले यसको सामना गरेका छन्, यसबाट सङ्घर्ष गरे र यसबाट पार भएर एउटा सफल र आत्मविश्वासपूर्ण जीवन बाँचेका छन् ।

आत्मविश्वासमाथि विचार गर्दा स्पष्ट हुन्छ कि आत्मविश्वास कुनै यस्तो तथ्य होइन, जुन कुनै एउटा क्षेत्रसँग जोडिएको होस् । सबैको आत्मविश्वासको आआफ्नो क्षेत्र हुन्छ । कोही हातमा कलम–कागजको साथ कुनै मञ्चमा, कोही एकान्तमा त कोही भीडमा, कोही पर्वत शिखरमा त कोही सागरको लहरको बीच आत्मविश्वासबाट भरिपूर्ण अनुभव गर्छ । सबैको भिन्दाभिन्दै क्षेत्र हुन्छ, जहाँ ऊ बढी आत्मविश्वासी अनुभव गर्छ । अतः आत्मविश्वासमाथि समग्र मूल्याङ्कनको आवश्यकता छ । कुनै पनि व्यक्ति पूर्ण रूपले आत्मविश्वासहीन रहन सक्दैन । यसले समझहीनताबाट बाहिर निस्किने बाटो खोल्छ ।

मानिस जति बाहिरबाट आत्मविश्वासले भरिएको देखिन्छ, जरूरी छैन कि ऊ भित्रबाट पनि त्यत्तिकै होस् । प्रायः यस्ता मान्छे भित्रबाट कमजोर नै हुन्छन् । अधिकांशतः उनीहरू आफ्नो पूरै साहस बटुलेर परिस्थितिको सामना गरिरहेका हुन्छन् । यो समझ पनि आत्मविश्वास–निर्माणको आधार बन्छ । जहाँ उभिएको हुन्छ, त्यहींबाट साहस र समझका साथ अगाडि बढ्दा यसको राजमार्ग समझमा आउँछ ।

आत्मविश्वास वस्तुतः अभ्यासबाट अर्जित हुन्छ, आकाशबाट झर्दैन । मात्र सोच्ने, कल्पना गर्ने, सपना हेर्नाले आत्मविश्वास आउँदैन । जुन पनि क्षेत्रमा हामी आत्मविश्वासको कमी अनुभव गर्छौं, त्यस क्षेत्रमा ससाना सफलता अर्जित गर्दा यो विश्वास हुर्किन्छ, विकसित हुन्छ र अन्ततः उचाइलाई छुन्छ ।

व्यक्ति स्वयंलाई जस्तो मान्छ, जति मूल्य दिन्छ, मानिसले पनि त्यसै अनुरूप व्यवहार गर्छन् । प्रायः आत्मविश्वासको अभावमा हामी स्वयंसँग केही बढी नै आशा–अपेक्षा र स्वयंको कमी र गलती माफ नगर्ने प्रवृत्ति रहन्छ । हरेक गलतीको लागि स्वयंलाई जिम्मेवार मान्नु उचित होइन; जबकि स्वयंलाई समग्रतामा बुझ्दै, स्वयंको त्रुटिप्रति थोरै उदार व्यवहार गर्दै यसलाई सहज ढङ्गले लिएर अगाडि बढ्न सकिन्थ्यो ।

भन्ने आवश्यकता छैन कि आत्मविश्वास अभ्यासका साथ बढ्छ । जस्तै शरीरको मांसपेशी नियमित निरन्तर कसरत गर्नाले विकसित हुन्छ तथा एउटा गठिलो शरीरको रूपमा परिणाम दिन्छ– यस्तैमा जहाँ हामी विश्वासको कमीबाट जुझिरहेका हुन्छौं, त्यहाँ विस्तारै–विस्तारै अभ्यासको साथ यसमा सुधार गर्न सकिन्छ । बाल्यकालमा हिंडनेदेखि कुनै वाहन चलाउने, पौडी खेल्ने आदि, व्यक्तिले यसै प्रकार सिक्छ । आफ्नो क्षमता अनुरूप हामी परिस्थितिको सामना गर्छौं, बोझ उठाउँछौं, स्वयंलाई कस्छौं र अगाडि बढ्छौं ।

यसै क्रममा आत्मविश्वासबाट युक्त व्यवहारको अभ्यास गर्न सकिन्छ । परिस्थिति विशेषमा जहाँ हामी विचलित हुन्छौं, त्यहाँ विचार गर्न सक्छौं कि यदि हामी विश्वासयुक्त हुन्छौं भने कस्तो व्यवहार गर्छौं । यसैका साथ यो पनि कल्पना गर्न सकिन्छ कि कुनै आत्मविश्वासपूर्ण व्यक्तिले कुनै खास परिस्थितिमा कस्तो व्यवहार गर्छ । आफ्नो सोचका साथ आफ्नो व्यवहार एवं हाउभाउमा यस्तै हुने प्रयास गरौं । बिस्तारै–बिस्तारै आत्मविश्वास हाम्रो जीवनको अङ्ग बन्न थाल्छ ।

यस प्रयासमा सबै कुरा अनुकूल नै हुन्छ भन्ने छैन । यसमा समय तलमाथि पनि पर्न सक्छ, जसका लागि तयार रहनुपर्छ । एउटा प्रयोगधर्मी साधकको रूपमा हेरौं कि यसले काम गर्छ कि गर्दैन । परिस्थिति अनुरूप स्वयंलाई प्रयोग गर्ने प्रयास गरिरहौं । साहसका साथ नयाँ पाइला बढाउँदै जाऔं, जोखिम लिइरहौं र लचिलोपन एवं विश्वासका साथ अगाडि बढौं । यसमा निकै कट्टर हुनुपर्ने आवश्यकता पनि छैन । सफलता र असफलता मिलेर आत्मविश्वासको विकासलाई परिणाम दिन्छ–दुवैलाई स्वीकार गरौं र अगाडि बढौं ।

यस बाटोमा गलती हुन्छ, तर गलती तबसम्म अपराध हुँदैन, जबसम्म तपाईं यसबाट सिकेर अगाडि बढिरहनुहुन्छ । पटक–पटक एउटै गलती गर्नु र यसबाट केही पनि नसिक्नु, उचित होइन । हाम्रो सूत्रवाक्य हुनुपर्छ– पुनः कोशिश गरौं, पुनः असफल हुन्छौं, तर राम्रो तरीकाबाट ।

यस्तोमा हरेक असफलताका साथ तपाईं अगाडि बढिरहनुपर्छ । गलती वास्तवमा सिक्नको लागि हुन्छ । जसले गलती गर्दैन, ऊ कि त सिद्ध हो वा उसको विकास अवरुद्ध भइसकेको छ । प्रगति पथमा व्यक्ति गलतीको साथ अगाडि बढ्छ ।

आफ्नो पुरानो गलती, असफलता र बेवकूफीको लागि स्वयंलाई दण्डित गर्दा व्यक्ति आन्तरिकरूपले कमजोर बन्छ । यस्तो गर्नु स्वयंमा हीनभाव उत्पन्न हुन दिनु हो । यस प्रकार हाम्रो आत्मविश्वास बढाउने प्रयासले आवश्यक पोषण पाउँदैन । अतः स्वयंलाई सराप्न बन्द गरौं । यसविपरीत सदा स्वयंलाई आशा–उत्साहपूर्ण सन्देश सुनाऔं, आफ्नो कानमा विश्वासपूर्ण कुरा फुसफुसाइरहौं, जस्तो–हामीले सर्वश्रेष्ठ प्रदर्शन गर्नुपर्छ । यस्तो सन्देशलाई तीव्र गरौं, जसले यो स्पष्ट सुन्न सकियोस् ।

यसका साथै आफूप्रति उदारभाव राखौं । यो आत्मविश्वास बढाउने एउटा महत्त्वपूर्ण अभ्यास हो । स्वयंलाई हमेशा सराप्नु नराम्रो बानी हो, जसले राम्रो कार्यको लागि स्वयंलाई पुरस्कृत हुनबाट वञ्चित गर्छ । अतः आफूप्रति अनावश्यक कठोर हुने बानी त्यागौं र आफ्नो हरेक कार्यलाई प्रसन्नतापूर्वक स्वीकार गरौं । यस्तो अभ्यास स्वयंसँग सही व्यवहार गर्न र आत्मविश्वास बढाउन आश्चर्यजनकरूपले सहायक सिद्ध हुन्छ ।

# ‘स्मार्ट’ चालक अनुमतिपत्रमा समस्या

काठमाडौं, २० फागुन/

प्रविधिमैत्री बनाउन ‘स्मार्ट’ चालक अनुमतिपत्र वितरण शुरू भए पनि प्रविधिका कारण सेवाग्राही समस्या भोग्न बाध्य छन् ।

अनुमतिपत्रमा भएका कतिपय सूचना यातायात व्यवस्था कार्यालयसँग फरक पर्ने गरेको छ । चालक अनुमतिपत्रसम्बन्धी सेवा पूर्णरूपमा प्रविधिमैत्री बन्न सकिरहेको छैन भने शुरू भएको सेवामा समेत समस्या देखिएको छ ।

दश वर्ष पुरानो अनुमतिपत्रमा विभिन्न समस्या रहेको यातायात व्यवस्था कार्यालय एकान्त कुनाका प्रमुख राजकुमार कपालीले बताए । “खासगरी पुरानो अनुमतिपत्रमा समस्या पाइएको छ, सर्भरका कारण रेकर्ड बिग्रिएर यस्तो भएको हुन सक्छ”–उनले भने ।

व्यक्तिले अनुमतिपत्र नवीकरण गरिरहेको तर प्रविधिसहितको प्रणालीमा नदेखिने समस्या रहेको प्रमुख कपालीले बताए । “नवीकरणसम्बन्धी काम गर्दागर्दै बत्ती गयो भने प्रणालीमा नदेखिने समस्या छ, यस्तो अवस्थामा सेवाग्राहीको पैसा काटिन्छ र नवीकरण पनि भएको हुन्छ”–

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी विदेशमन्त्री ब्लिन्केन र रूसी विदेशमन्त्री लाभरोभबीच भेट

नयाँ दिल्ली, २० फागुन/सिन्ह्वा

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र रूसी विदेशमन्त्री सर्गेई


तस्वीरः सिन्ह्वा

लाभरोभबीच करीब एक वर्षको अन्तरालमा भेटवार्ता भएको छ। रूस–युक्रेन युद्ध सङ्कट बढेपछि रूस र अमेरिका बीच तिक्ततापूर्ण सम्बन्ध रहेकोमा बिहीवार दुई देशका विदेशमन्त्रीबीच पहिलोपटक आमनेसामने कुराकानी भएको बताइएको छ।

भारतको अध्यक्षतामा नयाँ दिल्लीमा जारी जी–२० देशका विदेशमन्त्रीहरूको बैठकमा उक्त सङ्क्षिप्त भेटवार्ता भएको हो। करीब १० मिनेटसम्म चलेको वार्तामा सामान्य कुराकानी भएको बताइएको छ।

"लाभरोभले जी–२० को दोस्रो सत्रको बीचमा सङ्क्षिप्त भेट गरेका हुन्। यद्यपि त्यहाँ कुनै वार्ता वा वास्तविक बैठक भएन"–द टाइम्स अफ इन्डियाले एक रूसी अधिकारीलाई उद्धृत गर्दै उल्लेख गरेको छ।

अमेरिकी विदेश मन्त्रालयका अनुसार वार्तालापको क्रममा ब्लिन्केनले रूसलाई विशेष सैन्य कारबाई अन्त्य गर्न र अर्थपूर्ण कूटनीतिमा संलग्न हुन, नयाँ रणनीतिक हतियार कटौती सन्धि कार्यान्वयनमा फर्कन र जेलमा बन्दी रहेका पूर्व अमेरिकी मरीन पल व्हेलनलाई रिहा गर्न आग्रह गरेको छ।

तर रूसी पक्षले अमेरिकाको व्यवहार विश्वसनीय नभएको भन्दै अमेरिकी आग्रह स्वीकार गर्न अफ्ठेरो भएको बताएको तास समाचार एजेन्सीले जनाएको छ। रासस

## इन्डोनेशियाको इन्धन डिपो विस्फोटमा मृत्यु हुनेको सङ्ख्या १७ पुग्यो

जकार्ता, २० फागुन/सिन्ह्वा

जकार्ताको उत्तरी भागमा शुक्रवार राति भएको इन्धन भण्डारण विस्फोटमा परी मृत्यु हुनेको सङ्ख्या १७ पुगेको छ।

जकार्ता डिजास्टर मिटिगेशन एजेन्सी (बिपिबिडी)का कार्यवाहक प्रमुख मुहम्मद रिदवानले घटनामा घाइते हुनेको सङ्ख्या ५१ पुगेको र उनीहरूको हाल राजधानीका विभिन्न अस्पतालमा उपचार भइरहेको जानकारी दिएका छन्।

उत्तरी जकार्ताको प्लुम्पाङस्तित सरकारी तेल कम्पनी पर्टामिनाको इन्धन भण्डारण स्टेशनमा शुक्रवार राति करीब ८:०० बजे विस्फोट भएको थियो। सो विस्फोटनबाट स्टेशन नजीकैका बासिन्दा आगो फैलिने त्रासले घर छाडेर भागेका थिए।


तस्वीरः सिन्ह्वा

उक्त आगो निभाउन ५० भन्दा बढी दमकल र २६० भन्दा बढी अग्निनियन्त्रक खटाइएको थियो। करीब छ घण्टा लामो प्रयासपछि आगो निभाउन सफल भएको बताइएको छ।

विस्फोटले यस क्षेत्रका १,००० भन्दा बढी बासिन्दालाई प्रत्यक्ष असर परेको थियो। प्रभावितलाई अहिले नजीकैको अस्थायी आश्रयस्थलमा सारिएको छ। उक्त घटनामा आठजना बेपत्ता भएको बताइएको छ। घटनामा अन्य सम्भावित पीडितको खोजी गर्न उद्धारकर्ता अझै घटनास्थलमा परिचालित छन्। रासस

## दक्षिणी नाइजेरियामा तेलको पाइपलाइन विस्फोट हुँदा १२ जनाको मृत्यु

अबुजा, २० फागुन/सिन्ह्वा

नाइजेरियाको दक्षिणी राज्य रिभर्समा तेलको पाइपलाइन विस्फोटमा शुक्रवार बिहान कम्तीमा १२ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

नदीको इमुओहा स्थानीय सरकारी क्षेत्रको रूमुएक्पे समुदायमा स्थानीय बासिन्दाहरूले पाइपलाइनबाट तेल निकाल्ने क्रममा विस्फोट भएको रिभर्सका प्रहरी प्रवक्ता ग्रेस इरिन्गो–कोकोले विज्ञप्ति जारी गर्दै उल्लेख गरेका छन्।

अहिलेसम्म सो घटनामा कम्तिमा १२ जनाको जलेर मृत्यु भएको विश्वास गरिएको छ। यद्यपि पीडितहरूको परिचय भने खुल्न सकेको छैन। यसैबीच स्थानीयवासीले पाइपलाइनबाट इन्धन निकाल्न प्रयोग गर्ने पाँचवटा सवारीसाधन र चारवटा ट्राइसाइकल विस्फोट भएको ठाउँमा जलेर खरानी भएको पनि प्रहरी प्रवक्ताले बताए।

स्थानीय सञ्चारमाध्यमहरूका अनुसार उक्त घटना शुक्रवार बिहानै पाइपलाइनबाट सिफन गरिएको कच्चा तेलले भरिएको बस सो क्षेत्रको अवैध रिफाइनिङ प्वाइन्टतर्फ जाने क्रममा आगोमा परेको थियो र सो दुर्घटना भएको थियो।

नाइजेरियामा तेलका पाइपलाइन तोडफोड र तेल चोरी बारम्बार दोहोरिइरहने घटना हुन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अन्नलाभ | वृष – खर्चवृद्धि |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – सुसमाचार | मकर – भयचिन्ता |
| कुम्भ – राज्यलाभ | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### वीरगंज महानगरपालिकाको अपील

- रङ्गहरूको पर्व होली मौलिक रूपमा रमाइलो गरी मनाऔं।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता कार्य नगरौं।
- फागु खेल्दा हानिकारक र रसायनयुक्त रङ्ग, सडेगलेका वस्तु, फोहरपानी, मोबिल, नालाको हिलो जस्ता वस्तुहरूको प्रयोग नगरौं।
- पर्वको नाममा मदिराजन्य पदार्थ तथा लागुपदार्थ जस्ता वस्तुको सेवन नगरौं। साथै डिजे, लाउडस्पीकर जस्ता मनोरञ्जनका साधनहरू चर्को आवाजमा बजाउँदा ध्वनी प्रदूषण तथा स्वास्थ्यमा नकारात्मक असर पार्ने भएकाले त्यस्ता कार्य नगरौं, नगराऔं।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## जीतपुरसिमरामा एमालेको भेला र बैठक

प्रस, जीतपुर, २० फागुन/

नेकपा एमालेको मिशन ग्रासरूट अभियान अन्तर्गत जीतपुरसिमरा उपमहानगरपालिका–१२ फत्तेपुरमा भेला सम्पन्न भएको छ। भेलाले ग्रासरूट अभियानलाई टोलटोलमा पुऱ्याउने निर्णय गरेको छ।

प्रदेश कमिटी सदस्य मनोज पौडेलले प्रधानमन्त्री प्रचण्ड विदेशी चलखेल र दबाबमा परेर एमालेलाई धोका दिएको आरोप लगाए। उनले देउवाले प्रचण्डलाई मिल्क्याउँदा एमालेले उद्धार गरेर प्रधानमन्त्री बनाएको भन्दै प्रचण्डले एमालेलाई धोखा दिएर गलती गरेको बताए। वडा अध्यक्ष मनोजकुमार रायको अध्यक्षतामा भएको कार्यक्रममा होमनाथ पण्डित, राजमहम्मद राय, रूस्तम अन्सारी, वडा अध्यक्ष श्यामबाबू


तस्वीरः प्रतीक

खाँलगायतको उपस्थिति थियो।

त्यसैगरी वडा नं १, २, ५, ८, ९, १०, ११, १४, १८, १९, २०, २१, र २२ मा केन्द्रीय प्रतिनिधि अरविन्द सिंहको प्रमुख आतिथ्यमा बैठक सम्पन्न भएको छ। बैठकमा प्रदेश कमिटी सदस्य देवनारायण चौधरी, सुन्दर विकलगायत उपस्थित थिए।

## राजस्व परामर्श समितिले काम थाल्यो

काठमाडौं, २० फागुन/रासस

सरकारी राजस्व व्यवस्थापनबारे सुझाव दिने संयन्त्रका रूपमा रहेको राजस्व परामर्श समितिले काम थालेको छ। समितिले आगामी आर्थिक वर्ष २०८०–८१ को आर्थिक विधेयकमा समावेश गर्नुपर्ने राजस्वसँग सम्बन्धित नीति तथा कार्यक्रमबारे सरकारलाई सुझाव दिनेछ।

राजस्व सचिवको संयोजकत्वमा राजस्व परामर्श समिति तथा विभिन्न क्षेत्रगत विधा समेट्नेगरी आठ उपसमिति समेत बनाइएको अर्थ मन्त्रालयका सह–सचिव एवं राजस्व व्यवस्थापन महाशाखाका प्रमुख रितेश शाक्यले जानकारी दिए। "समितिले काम शुरू गरिसकेको छ। आइतवार पहिलो बैठक बस्दैछ। समितिले चैत मसान्तभित्र सरकारलाई सुझाव प्रतिवेदन बुझाउने छ"–उनले भने।

अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका पदाधिकारी, निजी क्षेत्रका छाता सङ्गठनका प्रतिनिधि, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्राध्यापक, विभिन्न क्षेत्रका विषय विज्ञलगायत समितिमा रहने शाक्यको भनाइ छ।

समितिले राजस्व प्रणालीमा गर्नुपर्ने सुधारबारे सरोकारवाला क्षेत्र तथा निकायसँग सुझाव लिएर सोही अनुसार सरकारलाई प्रतिवेदन बुझाउने छ। सुझावमा सरकारको राजस्व नीति, कर संरचना, अन्तर्राष्ट्रिय कर प्रणाली, कर छुट तथा करमा दोहोरोपनालगायत विषय समेटिने छन्।

नयाँ कर कानून बनाउने, कुनै कानूनी व्यवस्था खारेज गर्नुपर्ने भए सिफारिश गर्ने र करका दर परिवर्तन गर्नेबारे पनि सरकारले यो समितिमार्फत सुझाव लिनेछ।

विषयगत उपसमितिले क्षेत्रगत अध्ययन गरेर परामर्श समितिलाई प्रतिवेदन तयार पार्न सम्बन्धित विषयमा सुझाव दिनेछन्।

आन्तरिक राजस्व उपसमिति, उद्योग वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन, राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान, कृषि, ऊर्जा तथा पर्यटन उपसमिति, भन्सार उपसमिति, बैंक वित्तीय संस्था, बीमा, सहकारी तथा पूँजीबजार उपसमिति, गैरकर उपसमिति र अन्तर–सरकारी राजस्व व्यवस्थापन उपसमिति बनाइएका छन्।

विभिन्न स्थानका सरोकारावालासँग अन्तर्क्रिया गर्ने, विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट सुझाव लिने तथा उपसमितिले तयार पारेका सुझावका आधारमा प्रतिवेदन तयार पारिने छ।

यसैबीच आन्तरिक राजस्व उपसमितिले शुक्रवार सूचना जारी गर्दै आगामी आर्थिक वर्षको राजस्व नीतिबारे चैत १५ गतेभित्र आन्तरिक राजस्व विभागमार्फत सुझाव पठाउन भनेको छ।

"आगामी आर्थिक वर्षको आर्थिक ऐन तथा बजेट तर्जुमा सम्बन्धमा आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, विद्युतीय सेवा कर, तथा समग्र कर प्रणाली सुधारका विषयमा नीतिगत र कानूनी सुधार, प्रक्रियागत सरलीकरणसम्बन्धी सुझाव पठाउन अनुरोध छ"–सूचनामा उल्लेख छ।

सरकारले राजस्व परामर्शका लागि स्थायी प्रकृतिको संरचना बनाउने भन्दै विकास समिति ऐन, २०१३ को अधिकार प्रयोग गरी २०७६ माघ २० गते 'नेपाल राजस्व परामर्श विकास समिति (गठन) आदेश २०७६' जारी गरेको थियो।

सोही गठन आदेश अनुसार २०७७ भदौ १ गते नेपाल राजस्व परामर्श समिति गठन भए पनि गत साउन १० गतेको मन्त्रिपरिषद् बैठकले उक्त समिति खारेज गरेपछि अर्थ मन्त्रालयभित्रकै संरचना अन्तर्गत रहेर यसले काम गर्न थालेको हो।

## नारायणगढ–मुग्लिन सडक आइतवारदेखि बन्द नहुने

चितवन, २० फागुन/रासस

नारायणगढ–मुग्लिन सडकखण्डका पुल फराकिलो बनाउने क्रममा भित्तो काट्नुपर्ने भएकोले दिउँसो बन्द गरिंदै आएकोमा आइतवारदेखि बन्द नगरिने भएको छ। भित्तो काट्न कठिन भएपछि गत पुस ५ गतेदेखि दिउँसो दैनिक ४ घण्टा सडक बन्द गरेर काम हुँदै आएको थियो।

पहिलो ३० दिन बिहान ११ देखि दिउँसो ३ बजेसम्म बन्द गरिएको थियो भने त्यसपछि दिउँसो १२ देखि ४ बजेसम्म सडक बन्द गरिएको थियो।

नागढुङ्गा–मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ–मुग्लिन) का सूचना अधिकारी कृष्ण आचार्यका अनुसार सवारीसाधन रोकेर पाँच ठाउँको पहाड काट्न शुरू गरिएकोमा तुइन खोलाको मुग्लिनतर्फको पहाडबाहेक अन्यत्रको काम अन्तिम चरणमा पुगेको छ। तुइन खोलाको भित्तो विस्फोट गराउन लागिएकोले सवारी रोकेर भित्तो काट्ने काम आजदेखि बन्द गर्न लागिएको हो।

तुइन खोलाको पुल निर्माणका क्रममा ६० मिटर अग्लो कडा चट्टानसहितको डाँडो थियो। सो डाँडो काट्न कठिन भएको हो। सो पहाडको अझै ४० मिटर काट्न बाँकी छ। यससँगै बाँकी रहेको चिसेन्जी खोलाको पुलको आडको देब्रेपट्टिको भित्तो काट्ने काम अन्तिम चरणमा पुगेको छ। सिमलताल, कालीखोला र नाम्ची खोलाको भित्तो काट्ने काम सकिएको छ। यी पुलसँगै काम थालिएका नौ पुल भित्तो काट्न नपर्ने भएकाले बनिसकेका छन्।

यस अघि नै सो सडकका पाँच पुल बनिसकेका थिए। पाँचवटा पुल निर्माणाधीन छन्। सडक विस्तारसँगै पुल साँघुरा भएपछि सडकमा रहेका २० वटै पुल नयाँ थप गरिएको हो। पहिलेको पुलको छेउमा अर्को पुल बनाउँदै गर्दा भित्तो काट्नुपरेको हो।

आचार्यका अनुसार तुइन खोलाको भित्तो काट्नका लागि विस्फोट गराउन अनुमति लिने प्रक्रिया चलिरहेको छ। अनुमति पाएसँगै एक महीनामा विस्फोटक पदार्थ झिकाएर विस्फोट गराउने तयारी आयोजनाले गरेको उनले जानकारी दिए।

विश्व बैंकको सहयोगमा पुल बनाउन लागिएको हो। एउटा पुलको काम शुरू भएको छैन। पुलको छेउमा सुकुम्बासी बसेकाले हटाउन नसक्दा काम रोकिएको हो। विश्व बैंकको सहयोगमा काम गर्दा क्षतिपूर्ति दिलाएर मात्रै काम गर्नुपर्ने प्रावधान रहेको छ। आयोजनाका प्रमुख किरण कार्कीका अनुसार क्षतिपूर्तिका लागि रु एक करोड हाराहारी खर्च हुन्छ। रकम माग गरिएको भए पनि प्राप्त हुन नसक्दा काम शुरू गर्न नसकिएको हो।

पुल निर्माण सम्पन्न गर्नुपर्ने मिति २०८० पुस ९ गतेसम्म रहेको छ। शुरूमा ३३ महीनाका लागि सम्झौता भए पनि काम सम्पन्न नभएपछि हालै एक वर्ष थप गरिएको हो। सो सडकका १५ पुल निर्माणका लागि अनक कन्स्ट्रक्शनले बोलपत्र प्राप्त गरेको छ। पुल निर्माणका लागि रु एक अर्ब २२ करोड खर्च हुनेछ। सो सडकमा यस अघिका पुल साँघुरा थिए। अहिले बनाइएका पुल ११ मिटर फराकिला छन्। सडक नौदेखि ११ मिटर फराकिलो छ। यो सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारी आवागमन गर्दछन्।

### 'स्मार्ट' चालक अनुमतिपत्र ...

उनले भने। नवीकरणको समयमा समस्या आउने भएकोले समस्या समाधानका लागि विभागसँग समन्वय गरेर सेवा विस्तार गर्ने तयारी गरिएको प्रमुख कपालीले बताए।

पहिले केन्द्र अन्तर्गत रहेको यातायात कार्यालय नयाँ संविधान जारी भएसँगै प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ। अनुमतिपत्रमा प्रणाली व्यवस्थापन र छपाइको काम विभागले र अन्य काम सम्बन्धित कार्यालयले गरिरहेका छन्।

विभाग सङ्घीय सरकार अन्तर्गत र कार्यालय प्रदेश सरकार अन्तर्गत भएकोले समन्वयमा कमी देखिएको हुँदा अनुमतिपत्र छपाइमा समस्या आइरहेको प्रमुख कपालीले बताए। पुरानो समस्या ८० प्रतिशत सकिएको यातायात व्यवस्था कार्यालयले जनाएको छ। विसं २०८० असारसम्म यी समस्या समाधान गर्ने योजना रहेको जनाइएको छ। पहिलेको ढड्डा हेरेर तथ्याङ्क प्रविष्टि गराउँदा गल्ती भएको हुन सक्ने भन्दै सूचना अनुमतिपत्रभन्दा ढाँचामा फरक पर्ने देखिएको प्रमुख कपालीको भनाइ छ। सरकारले सरकारी कार्यालयलाई कागजरहित बनाउने भनेपछि बागमती प्रदेश सरकारले पनि सोही अवधारणा अनुसार छलफल गरी कार्य गरिरहेको उनले बताए।

मन्त्रालयलाई तीन महीनाभित्र कागज हटाउन जानकारी गराएको बताउँदै अझै साढे छ लाखदेखि सात लाख ढड्डाबाट उतार्न बाँकी रहेको जानकारी दिए।

# महिला नेतृत्व विकास तथा आत्मरक्षा तालिम सम्पन्न

प्रस, वीरगंज, २० फागुन/

ठोरी गाउँपालिकाको आर्थिक सहयोग र न्हू दर्पण अनुसन्धान तथा परामर्स केन्द्र ठोरीले सञ्चालन गरेको महिला नेतृत्व विकास तथा आत्मरक्षा, १० दिने तालीम शनिवार सम्पन्न भएको छ।




ठोरी वडा नं. १ का महिलाहरूका लागि सञ्चालित तालीमको समापन कार्यक्रमका मुख्य अतिथि गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गरेर गरेका थिए।

सो अवसरमा पालिका अध्यक्ष श्रेष्ठले भौतिक निर्माण मात्र विकास होइन भन्दै जीवनोपयोगी दक्षता विकास कार्यक्रमलाई पनि प्राथमिकता दिनुपर्ने बताए।

गाउँ कार्यपालिका सदस्य धनमाया घलानको अध्यक्षतामा वडापालिकाको सभाकक्षमा सम्पन्न कार्यक्रममा वडा नं. १ का वडाअध्यक्ष तथा तालीमका संरक्षक धनमान थापा, नेकपा एमाले ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठ, सचिव जगेन्द्र पौडेल, मुख्य प्रशिक्षक प्रताप श्रेष्ठ, नागरिक अगुवा चेतवहादुर थापा, महिला अगुवा रूपा पौडेललगायतले मन्तव्य व्यक्त गरेका थिए।

प्रशिक्षार्थी अप्सरा स्याङतानले सहजीकरण गरेको कार्यक्रममा प्रशिक्षार्थी सरला तिमल्सिनाले तालीम गतिविधि समेटिएको प्रतिवेदन प्रस्तुत गरेका थिए। फागुन ७ गतेदेखि शुरू भएको तालीममा मार्शलआर्टतर्फ प्रतीक्षा श्रेष्ठले प्रशिक्षण दिएकी थिइन् भने कानूनतर्फ अधिवक्ता वीरेन्द्रप्रसाद यादव, सूचना तथा सञ्चार तर्फ सञ्चारकर्मी हेम चापागाईं, सुरक्षा तर्फ सशस्त्र प्रहरी निरीक्षक विमल केसी र वरिष्ट प्रहरी नायब निरीक्षक कुलबहादुर कुँवरले प्रशिक्षण दिएको मुख्य प्रशिक्षक श्रेष्ठले जानकारी गराएका छन्।

# अन्तर्जातीय विवाह, रक्तदानसहित अखण्डपाठ सम्पन्न

प्रस, वीरगंज, २० फागुन/

जगतगुरु तत्त्वदर्शी सन्त रामपालजी महाराजको सान्निध्यमा फागुन १८–२० गते सतलोक आश्रम धनुषामा सन्त गरीबदासजी महाराजको बोध दिवस कार्यक्रममा अखण्ड पाठ, विशाल भण्डाराका साथै ७ नवजोडीको १७ मिनेटमा दाइजोरहित अन्तर्जातीय विवाह (रमैणी) परमात्माको अमरवाणी पाठ गरेर सम्पन्न भएको छ। रमैणी विवाहका साथै सहभागी भक्तजनले ६१ युनिट रक्तदान गरेका छन्। शनिवार परमात्माको भोग लगाएर अखण्ड पाठ कार्यक्रम सम्पन्न भएको अनुयायीहरूले बताए।

समापन कार्यक्रममा मधेस प्रदेशका पूर्व स्वास्थ्यमन्त्री डा.सुरेन्द्र यादव, मधेस प्रदेशका गृहराज्यमन्त्री सञ्जय यादव, महोत्तरीका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडी, मधेस प्रदेश प्रहरीका एसपी युवराज राउत, सशस्त्र प्रहरीका एसपी लेखनाथ खनाल, मिथिला नगरका उपप्रमुख सुनीता सिंह बुढाथोकीलगायतको सहभागिता थियो।


## फागुपर्व सभ्य रूपमा मनाऔं।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं।
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं।
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।

**चाडपर्वलाई मौलिकरूपमा मनाऔं,**
**सभ्य नागरिकको परिचय दिऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**





# गाँजासहित तीनजना पक्राउ

प्रस, वीरगंज, २० फागुन/

जीतपुर सिमरा उपमहानगरपालिका–१ पथलैया चोकबाट प्रहरी चौकी पथलैया,



बाराले अमलेखगंजबाट पथलैयातर्फ आउँदै गरेको ना २ ह ४९५० नम्बरको अटो चेकिङ गर्दा १२ किलो गाँजा बरामद भएको जिप्रका बाराले जनाएको छ। प्रहरीलाई देखेर अटो भाग्न खोजेको र प्रहरीले लखेटेर टेम्पो नियन्त्रणमा लिएको थियो। टेम्पो चेक गर्दा १२ किलो गाँजा बरामद भएपछि चालकसहित तीनजना पक्राउ परेका बारा प्रहरीले जनाएको छ। पक्राउ पर्नेमा जीतपुरसिमरा उपमहानगरपालिका–२२ चकरी निवासी नरेश बम, हीरामान थिङ र सुरेश स्याङतान छन्।

# सार्वजनिक सेवा कर्मचारी सङ्घको अध्यक्षमा यादव

प्रस, वीरगंज, २० फागुन/

नेपाल सार्वजनिक सेवा कर्मचारी सङ्घ पर्साको ५ औं जिल्ला अधिवेशन आज सम्पन्न भएको छ। कार्यक्रममा प्रमुख अतिथि अमृतलाल जोशी, विशिष्ट अतिथि लक्ष्मणप्रसाद कुर्मी, छोटेलाल प्रसादलगायतले मन्तव्य व्यक्त गरेका थिए।


तस्वीरः प्रतीक

अधिवेशनबाट सङ्घको अध्यक्ष नागेन्द्रप्रसाद यादव, उपाध्यक्ष बेला अधिकारी र सुधीरकुमार कर्ण, सचिव पन्नालाल साह, कोषाध्यक्ष शीतलदेवप्रसाद गुप्ता, सहसचिव विज्ञान कर्णलगायत ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ।

## खेलकूदको संसार

# दोस्रो परवानीपुर गोल्डकप फूटबल फागुन २७ गतेदेखि

प्रस, वीरगंज, २० फागुन/

दोस्रो परवानीपुर गोल्डकप फूटबल प्रतियोगिता फागुन २७ देखि सञ्चालन हुने भएको छ।




परवानीपुर युथ क्लबको आयोजनमा गोल्डकप फूटबल प्रतियोगिता सञ्चालन हुन लागेको शनिवार पत्रकार सम्मेलन गरी आयोजक क्लबका अध्यक्ष अलिअख्तर आलमले त्रिभुवन लोकमार्ग वीरगंज महानगरपालिका–२१ परवानीपुरको खेल मैदानमा फागुन २७ गतेदेखि प्रतियोगिता हुने बताए।

उनले लामो समयदेखि रोकिएको फूटबल प्रतियोगिता गत वर्षदेखि परवानीपुरमा शुरू गरिएकोले यस पटक प्रवेश शुल्क नराखिएको बताए। प्रतियोगितामा १० लाख खर्च हुने अनुमान गरिएको र सो रकम सहयोगबाट सङ्कलन गरिएको बताए।

एक सातासम्म चल्ने फूटबल प्रतियोगितामा आयोजक परवानीपुर युथ क्लब, नव जनजागृति युवा क्लब सिमरा, वीरगंज युनाइटेड क्लब वीरगंज, जनकपुर स्पोर्ट क्लब धनुषा, बेल्खाडी युवा क्लब महोत्तरी, हेटौंडा फूटबल एकेडमी हेटौंडा, बिएफसी क्लब भरतपुर नारायणगढसहितका टिम सहभागी हुने अध्यक्ष आलमले बताए।

प्रतियोगितामा विजेता हुने टिमले डेढ लाख नगद, उपविजेताले ७५ हजार नगदसहित शिल्ड र प्रमाणपत्र पाउने छ।

पत्रकार सम्मेलनमा क्लबका वरिष्ठ उपाध्यक्ष अनिल राम, उपाध्यक्ष रवि राम, महासचिव दिपक यादव, सचिव धुप मण्डल, कोषाध्यक्ष सुरेश यादव, सदस्यहरू सफीक आलम, रेहान आलम (काले), सुनील मण्डल, इमरान आलमलगायतको सहभागिता थियो।

# विभिन्न संस्थाको आयोजनामा होली मिलन समारोह

प्रस, पर्सागढी, २० फागुन/

जनमत पार्टी पर्साका सहसचिव राजेश चौरसियाको अध्यक्षतामा जनमत पार्टीका कार्यकर्ताहरूले होली मिलन तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्।

शुभकामना आदानप्रदान कार्यक्रममा जनमत पार्टीका जिल्ला अध्यक्ष श्यामशङ्कर चौरसिया, नेता मुकेश द्विवेदी, बिराजुल यादव, बालकेश्वर राम, जनमत महिला सङ्घकी अध्यक्ष अनिता रौनियार, सदस्य सन्तोषीकुमारीलगायत सहभागी थिए।

त्यसैगरी वीरगंज महानगर–३१ का वडा अध्यक्ष जीतेन्द्र यादवको अध्यक्षतामा होली मिलन समारोह तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ। होली मिलन कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेश उद्योग पर्यटन तथा वनराज्यमन्त्री रहबर अंसारीले होली पर्व सभ्य तरीकाबाट मनाउन आग्रह गरे। उनले सबै पर्व सभ्य तरीकाबाट उत्साहका साथ मनाउन आग्रह गरे। कार्यक्रममा सबैया साझेदारी वन सबैयाका संयोजक लखनलाल साह, पर्सागढी नपाका वडाध्यक्ष शेअ खुर्शिद, समाजसेवी बालेश चौधरी, हैदर मियाँ, राम बालक साहलगायत सहभागी थिए।

**प्रस, वीरगंज/**

यसैगरी रेडियो वीरगंजमा समाजका अध्यक्ष ध्रुव साहको अध्यक्षतामा भएको कार्यक्रममा रङ्गको पर्व होली एक आपसमा खुशी साटासाट गरी सभ्य रूपमा मनाउन वक्ताहरूले जोड दिएका थिए।





कार्यक्रममा तेली कल्याण समाजका केन्द्रीय अध्यक्ष विश्वनाथ साह, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ता, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, माधव राजपाल, समाजका राजेश्वरसाह तेलीलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा गायक अनिल वर्माले गीत प्रस्तुत गरेका थिए भने सञ्चालन वीरेन्द्र साहले गरेका थिए।

**प्रस, परवानीपुर/**

पर्सा–बाराको दोसाँधमा रहेको परवानीपुर बजारमा होली मिलन समारोह आयोजना भएको छ। वीरगंज महानगरपालिका–२१ का वडा अध्यक्ष राधाकृष्ण रौनियारको सक्रियतामा आयोजना गरिएको होली मिलन समारोहमा परवानीपुरका सामाजिक अगुवाहरूको सहभागिता रहेको थियो। बिएस पार्टी प्यालेसमा आयोजना भएको कार्यक्रममा प्रमुख अतिथि वीरगंजका राजनीतिकर्मी शशिकपुर मियाँ, परवानीपुरका सामाजिक अगुवा हरिहर साह, नेपाली काङ्ग्रेसका नेता किशोरी ठाकुर, एमाले नेता अमरदेव राउत कुर्मी, लोसाका नेताहरू भोजमहतो धानुक, रमेश कुशवाहा, जसपा नेता सञ्जय मण्डल, श्रवण पटेललगायतको सहभागिता थियो।

कार्यक्रममा पर्सा, लिपनीबिर्ता र परवानीपुर गाउँपालिका–३, लिपनीका सर्वसधारणलगायतको सहभागिता थियो। होली शान्तिपूर्वक आपसी एकता देखाएर खेल्न वक्ताहरूले जोड दिएका थिए।




**प्रस, सिम्रौनगढ/**

सिम्रौनगढ कङ्काली मन्दिरमा शुक्रवार साँझदेखि होली गायन प्रतियोगिता शुरू भएको छ।

सिम्रौनगढ नगरपालिका अन्तर्गतका गायकहरू सहभागी प्रतियोगिताको सिम्रौनगढ नपाका वडाध्यक्ष नन्दकिशोरप्रसाद जयसवालले उद्घाटन गरेका थिए।